बौधीमाई नगरपालिका
बौधीमाई नगरपालिकाको कार्यालय
सरमुजवा, रौतहट, नेपाल

यस जगतमा जन्म लिने प्रत्येक व्यक्तिले आफू जन्म लिनुको उद्येश्य एवं आफ्नो साथ साथ आफू बाहेकका प्रति आफ्नो दायित्व थाहा पाई त्यस अनुसारका जीवन जीउनु उसको नैसर्गीक अधिकार र कर्त्तव्य दुवै हो र यस बुझाईको लागि अवस्था विशेष अनुसारको आवश्यक शिक्षाको व्यवस्था गर्न गराउन राज्य, समाज एवं सरोकारवालाको दायित्व पनि हो । यसै अवस्थालाई ध्यानमा राखी नेपालको संविधान २०७२ ले नेपालका कुनै पनि वालवालिकाले शिक्षाबाट बंचित हुन नहुने र सोको व्यवस्था गर्न गराउन सम्पूर्ण अधिकार पालिका सरकारलाई दिए बमोजिम यस बौधीमाई नगरपालिका भित्रका अभिभावक विहीन एवं अतिविपन्न वालवालिकाहरुको शिक्षाको लागि आवाशीय स्वरुपको वालगृहको स्थापना, व्यवस्थापन तथा संचालन गर्न गराउन यो ऐन २०८३ बनाइएको छ ।

प्रस्तावना:–नेपालको सम्विधान २०७२ अनुसार नेपालका कुनै पनि वालवालिका शिक्षाबाट वंचित हुन नपरोस् एवं उच्च माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन तथा संचालनको जिम्मेवारी पालिका स्तरको सरकारलाई जिम्मा दिइएको सम्वैधानिक व्यवस्था भएको हुनाले यस रौतहट जिल्लाको बौधीमाई नगरपालिका क्षेत्रभित्र रहेका अभिभावक विहीन वालवालिकाहरु एवं आर्थिक दृष्टिकोणले अतिविपन्नताका कारण विद्यालय तहका शिक्षा प्राप्त गर्नबाट वंचित तथा असमर्थ भएका वालवालिकाहरुको शिक्षाको व्यवस्थाको लागि यस नगरपालिका सरकारले आफ्नो मातहतमा आवश्यकता अनुसार विशेष सुविधा सम्पन्न तथा सुव्यवस्थीत एवं आवाशीय स्वरुपको वालगृह(संस्था)को स्थापना, एवं सोको व्यवस्थापन तथा संचालन गरी सोही आश्रय स्थलबाट नै उक्त वालवालिकाहरुलाई आश्रय स्थलदेखि नजीकका विद्यालयहरुमा कक्षा १ देखि कक्षा १२ सम्मको समसामयिक एव. गुणस्तरीय शिक्षा प्राप्त गर्न गराउन वान्छनीय भएकोले यो बौधीमाई नगरपालिकाले वालगृहको स्थापना, व्यवस्थापन तथा संचालन कार्यविधि ऐन २०८३ तयार गरेको छ । यो कार्यविधि ऐन सम्बन्धित निकायबाट स्विकृत भएको मितिदेख लागू हुने छ ।

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ–

१.१ यस ऐनको नाम श्री बौधीमाई वालगृह स्थापना, व्यवस्थापन र संचालन सम्वन्धी कार्यविधि ऐन २०८३ रहने छ । अंग्रेजीमा यस ऐनलाई (**Shree Baudhimai Children's Home Establishment, Management and Conducting Act 2083)** भनिने छ ।

१.२. यो ऐन यस बौधीमाई नगरपालिको कार्य क्षेत्रभरी लागू हुने छ एवं भविष्यमा यस नगरपालिकाको कार्य क्षेत्रमा समावेश हुने अन्य स्थानहरु समेतमा पनि लागू हुने छ ।

१.३.यो वालगृहको व्यवस्थापन आवाशीय स्वरुपको हुने छ ।

१.४.यस वालगृहमा केटा तथा केटीहरुको लागि अलग अलग व्यवस्थापना गरिने छ ।

१.५. यो ऐन बौधीमाई नगरपालिकाको नगरसभाले स्विकृत गरेको मितिदेखि लागू हुने छ ।

२.परिभाषा :–विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा –

२.१.वालगृह भन्नाले यस ऐन एवं यस ऐन अन्तर्गत बनेका नियमहरुमा व्यवस्था भए बमोजिमका वालवालिकाहरुको वासको लागि आवाशीय रुपमा बस्ने गृह, वा घर वा बासस्थान भन्ने सम्झनु पर्छ ।

२.२.वालवालिका भन्नाले ६ वर्षको उमेरमा प्रवेश गरेको देखि १८ वर्ष ननाघेको उमेरलाई सम्झनु पर्छ ।

३.सुविधा:–

३.१. यस वालगृहमा बस्ने वालवालिकाहरुलाई कक्षा १ देखि कक्षा १२ सम्मको शिक्षा अध्ययन गर्ने अवसर उपलब्ध हुने छ ।

३.२.यस वालगृहमा बास वसेर अध्ययन गर्ने वालवालिकाहरुलाई तोकिए बमोजिमका आवाशीय सुविधाहरुका साथै विद्यालयमा अध्ययनका लागि अध्ययन सामग्रीहरु एवं विद्यालय पोसाक समेत उपलब्ध गराइने छ ।

३.३..शारीरिक तथा मानसिक रुपले अपांग एवं विशेष आवश्यकता भएका वालवालिकाहरुको लागि आवश्यकता अनुसारको छुट्टै व्यवस्था गरिने छ ।

४.वालगृह संचालन समितिको व्यवस्था :–

४.१.यस ऐन अनुसार यस नगरपालिकाव्दारा स्थापना गरिएका वालगृहको व्यवस्थापन एवं संचालनको लागि एउटा निम्नानुसारको संचालक समितिको व्यवस्था गरिने छ ।

क) अध्यक्ष–सम्वन्धित वडाका वडा अध्यक्ष–१

ख) नगरपालिका कार्यसमितिव्दारा मनोनित सदस्यहरु ३ जना(कम्तीमा एक जना महिला समेत हुने गरी) (अभिभावक–१, स्थानीय समाजसेवी–१, स्थानीय शिक्षा प्रेमी–१सहित)

ग) सम्वन्धीत वडाका सचिव–१

४.२.यस वालगृहको व्यवस्थापन एवं संचालनको लागि गठन गरिने संचालक समितिको काम, कर्त्तव्य, अधिकार एवं जिम्मेवारी यसै ऐन अन्तर्गत बनेको नियममा व्यवस्था भए अनुसार हुने छ ।

४.३.यस ऐन अनुसार गठीत संचालन समितिले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली अनुसार कार्यसम्पादन गर्न गराउन नसकेको अवस्थामा यस समितिलाई आवश्यक प्रक्रिया पुर्‍याई विगठन गरी अर्को समिति गठन गर्न सकिने छ ।

५.अन्य व्यक्ति, समूह वा संस्थाले वालगृह स्थापना, व्यवस्थापन तथा संचालन गर्न गराउन पाउनेः–

५.१. यस ऐन एवं यस ऐन अर्न्तगत बनेको नियमावलीको मातहतमा रही कुनै अन्य नेपाली नागरिक, वा नेपालमा गठित कुनै समूह, संघ वा संस्थाले वालगृहको स्थापना एवं संचालन गर्न गराउन चाहेमा तोकिएको प्रक्रिया पूरा गरी यस नगरपालिकाबाट पूर्व स्विकृति लिई संचालन गर्न गराउन सक्ने छ ।

५.२.यस दफाको उपदफा १.अनुसार स्थापना भएका वालगृहमा यस पालिका क्षेत्रका साथै अन्य पालिकाका वा स्थानमा बसोबास गर्ने वालवालिकाहरुलाई पनि तोकिएका प्रकृिया पूरा गरी वास बस्न एवं अध्ययन गर्न पाउने अवसर प्राप्त हुने छ ।

५.३. यस दफा बमोजिम संचालन हुने वालगृहको व्यवस्थापन तथा संचालन समितिको गठन निम्न बमोजिम हुने छ ।

५.३.१.वालगृह संचालन समितिको व्यवस्था :–वालगृह संचालनका लागि निम्नानुसारको सात सदस्यीय एक संचालन समिति रहने छ ।

क) सम्वन्धित वालगृहको संस्थापक–१ अध्यक्ष

ख) नगरपालिका कार्यसमितिव्दारा मनोनित सदस्यहरु– ३ जना (कम्तीमा एक जना महिला हुने गरी)
(अभिभावक–१, स्थानीय समाजसेवी–१, स्थानीय शिक्षा प्रेमी–१सहित)

ग) सम्वन्धीत वडाका वडा अध्यक्ष– १ सदस्य

घ) सम्वन्धीत वडाका वडा सचिव –१ सदस्य

घ) सम्वन्धीत वालगृहका वार्डेन–१ सदस्य सचिव

५.४..यस वालगृहको व्यवस्थापन एवं संचालनको लागि गठन हुने संचालक समितिको काम, कर्त्तव्य, अधिकार एवं जिम्मेवारी यसै ऐन अन्तर्गत बनेको नियममा व्यवस्था भए अनुसार हुने छ ।

५.५यस ऐन अनुसार गठीत संचालन समितिले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली अनुसार कार्यसम्पादन गर्न गराउन नसकेको अवस्थामा यस समितिलाई आवश्यक प्रक्रिया पुर्‍याई विगठन गरी अर्को समिति गठन गर्न सकिने छ ।

५.६.यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली अनुसार स्थापित कुनै वालगृहले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली अनुसार वालगृहको व्यवस्थापन तथा संचालन गर्न गराउन नसकेको पाइएमा दिइएको अनुमति वा स्वीकृति तोकिएको प्रक्रिया पुर्याई खारेज गर्न सकिने छ ।

.५.७.यस दफा बमोजिम स्थापित वालगृह कुनै पनि कारणले विगठन भएमा सो वालगृहका जाय जेथा यस पालिका सरकारको वा नेपाल सरकारको हुने छ ।

५.८.यस दफा बमोजिम स्थापित वालगृहका संचालक समिति वा समितिका कुनै पनि पदाधिकारीबाट अधिकारको दुरुपयोग वा तोकिएका विधि र प्रकृया अनुसार कार्य सम्पादन भए गरेको नपाइएमा यस ऐन वा यस ऐन बमोजिम बनेको नियमावलीमा उल्लेख भए बमोजिम आवश्यक कार्यवाही हुन सक्ने छ ।

६. कोषको व्यवस्थाः–

६.१.यस दफा बमोजिम स्थापना भएको वालगृहको व्यवस्थापन एवं संचालनको लागि यसको आफ्नै एउटा छुट्टै कोष रहने छ र त्यस कोषको संचालन तोकिएको अथवा यसै ऐन बमोजिम बनेको नियमावलीमा व्यवस्था गरिए बमोजिम हुने छ ।

६.२.यस कोषमा निम्न बमोजिमका रकमहरु रहने छन् –

क.यस नगरपालिकाबाट प्राप्त अनुदान रकम ।

ख. नेपालको संधीय सरकारबाट प्राप्त हुने रकम ।

ग. नेपालको प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

घ. कुनै दात्रि संघ संस्था वा निकायबाट प्राप्त हुने रकम ।

ड. कुनै समाजसेवी, दानी तथा इच्छुक महानुभावबाट प्राप्त हुने रकम ।

च. अन्य कुनै वैधानिक तरिकाबाट प्राप्त हुने नगदी, जिन्सी, जग्गा दान दातव्य आदि ।

७.कर्मचारी सम्वन्धी व्यवस्था :–यस ऐन बमोजिम स्थापित वालगृहको लागि आवश्यकतानुसार आवश्यक कर्मचारीहरुको व्यवस्थम तोकिए बमोजिम गर्न र नीजहरुलाई तोकिए बमोजिमको तलब र अन्य सुविधा प्रदान गर्न सकिने छ ।

८.लेखापरीक्षण :–यस वालगृहको आय व्ययको अभिलेख तथा लेखापरीक्षण नेपाल सरकारले व्यवस्था गरेको व्यवस्था बमोजिम हुने छ ।

९.वालगृह समितिको कार्यालय :–यस समितिको एउटा आफ्नै कार्यालय रहने छ र यसको कार्यसम्पादन तोकिए बमोजिम हुने छ ।

१०. वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने :–यस समितिले यस वालगृहको प्रत्येक वर्षको गतिविधीहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र श्री बौधीमाई नगरपालिकाको नगर सभामा पेश गर्नु पर्ने छ, एवं माशिक प्रतिवेदन प्रत्येक महिनाको महिना समाप्त भएको मितिले एक सप्ताह भित्र पठाउनु पर्ने छ ।

११.बचाउ र लागू नहुने :–१.यो ऐन वा यो ऐन अन्तर्गत बनेका नियमावलीमा लेखिए जति कुरामा सोही बमोजिम हुने र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुने छ ।

२.यस ऐनमा लेखिएका कुनै कुराले पनि यस वालगृहको सम्पति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

१२.यस ऐनको कार्यान्वियन तथा आवश्यक प्रयोजनको लागि श्री बौधीमाई नगरपालिकाले आवश्यक नियमावली एवं निर्देशन बनाई लागू गर्न गराउन सक्ने छ।

१३.बाधा अडकाउ हटाउने अधिकार :–यस ऐनको उद्येश्य कार्यान्वन गर्न गराउन कुनै बाधा अड्काउ परेमा यस बौधीमाई नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ।

श्री बौधीमाई वालगृह स्थापना, व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि नियमावली २०८३

नेपालको संविधान २०७२ ले नेपालका कुनै पनि वालवालिकाले शिक्षाबाट बंचित हुन नहुने र सोको व्यवस्था गर्न गराउन सम्पूर्ण अधिकार नगरपालिकालाई दिए बमोजिम यस बौधीमाई नगरपालिका भित्रका अभिभावक विहीन एवं अतिविपन्न वालवालिकाहरुको शिक्षाको लागि आवाशीय स्वरुपको वालगृहको स्थापना, व्यवस्थापन तथा संचालन गर्न गराउन बनेको नियमावली २०८३

श्री बौधीमाई वालगृह स्थापना, व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि ऐन २०८३ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यस श्री बौधीमाई नगरपालिकाले देहाय बमोजिमको नियमावली २०८३ बनाएको छ।

परिच्छेद १.

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ–(१).यी नियमहरुको नाम श्रीबौधीमाई वालगृह स्थापना, व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि नियमावली २०८३ रहेको छ।

(२) यो नियमावली तुरन्त प्रारम्भ हुने छ।

२.परिभाषाः–विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, –

क.नियमावली भन्नाले श्रीबौधीमाई वालगृह स्थापना, व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि नियमावली २०८३ सम्फनु पर्छ।

ख.कार्यालय भन्नाले श्री बौधीमाई नगरपालिकाको कार्यालय सम्फनु पर्छ।

ग.नगर सभा भन्नाले श्री बौधीमाई नगरपालिकाको नगरसभा सम्फनु पर्छ।

घ.नगरपालिका कार्यसमिति भन्नाले श्री बौधीमाई नगरकार्यपालिका कार्यसमिति सम्फनु पर्छ।

ङ०.शिक्षा शाखा भन्नाले यस बौधीमाई नगरपालिकाको शिक्षा शाखा सम्फनु पर्छ।

च.श्री बौधीमाई वालगृह भन्नाले बौधीमाई नगरपालिकाले वालगृह स्थापना, व्यवस्थापन तथा संचालन कार्यविधि सम्वन्धी ऐन २०८३ एवं वालगृह स्थापना, व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि नियमावली २०८३ अनुसार स्थापित, व्यवस्थित एवं संचालित वालगृह सम्फनु पर्छ।

छ.वालगृह संचालन समिति भन्नाले यस बौधीमाई नगरपालिकाव्दारा गठित श्री बौधीमाई वालगृह व्यवस्थापन तथा संचालक समिति सम्फनु पर्छ।

ज.अभिभावक विहीन वालवालिका भन्नाले जन्म दिने आमा, बाबु, तथा हेरचाह गर्ने अन्य कुनै पनि नजिकको व्यक्ति नभएको वालवालिकालाई सम्फनु पर्छ।

झ.अतिविपन्न वालवालिका भन्नाले वालवालिकाको अभिभावकलाई आफ्नो वालवालिकाको लालनपालन, भरनपोषण तथा आवश्यक आवश्यकताहरुको पनि पूर्ति एवं शिक्षा दिक्षाको लागि आवश्यक व्यवस्था गर्न नसक्ने अवस्था एवं क्षमता रहेको सम्फनु पर्छ।

परिच्छेद २

क) व्यवस्थापन तथा संचालन

३.वालगृहमा बस्ने वालक तथा वालिकाहरुको लागि छुट्टा छुट्टै बस्ने व्यवस्था मिलाइने छ ।

४.वालक तथा वालिकाहरुको लागि अलग अलग वार्डेनको व्यवस्था मिलाइने छ ।

५.वालगृहमा बस्ने प्रत्येक वालवालिकाका लागि आवश्यकतानुसारको मौशम अनुसारका कम्तीमा दुई सेट पोशाकको व्यवस्था, अलग अलग सुत्ने खाट तथा ओढने, ओछ्याउने आदिको व्यवस्था गरिने छ ।

६.प्रत्येक वालवालिकाको लागि आवश्यकता अनुसारको दैनिक नास्ता, खाना आदिको व्यवस्था गरिने छ ।

७.वालगृहको दैनिक सरसफाईका लागि सफाई कर्मचारीको साथै सफाई सामग्रीहरुको व्यवस्था गरिने छ ।

८.वालगृहमा बस्ने वालवालिकाहरुले आफ्नो व्यक्तिगत सफाईका साथै आफुले प्रयोग गर्ने लुगाफाट आफै सफा गर्नु पर्ने छ ।

९.प्रत्येक वालवालिकाको लागि पाठ्यपुस्तक, स्टेशनरी एवं सन्दर्भ सामग्रीको व्यवस्था वालगृहको तर्फबाट मिलाइने छ ।

१०.वालगृहमा खानेपानी, सौंचालय, खेलकुद मैदान तथा खेलकुद सामग्रीहरुको व्यवस्थापन गरिने छ ।

११.वालगृहदेखि नजदीकमा रहेका सामुदायिक विद्यालयहरुमा यहां बस्ने वालवालिकाहरुलाई पठनपाठनको व्यवस्था मिलाइने छ ।

१२.यस गृहमा बस्ने वालवालिकाहरुले, वालवालिकाहरुले पालन गर्नु पर्ने आचार संहिता पालन गर्नुका साथै समय समयमा नगरपालिकाव्दारा प्राप्त नीति, नियम एवं निर्देशनहरु पालन गर्ने ।

ख) वालगृह संचालक समितिको काम, कर्त्तव्य एवं अधिकार (नीजि स्तरमा संचालित वालगृहको संचालन समिति समेतको)

१.यस खण्डको नियम ३ देखि नियम १२ सम्मका कार्यहरु गर्ने गराउने ।

२.यस नगरपालिका तथा नगरपालिका कार्य समितिले समय समयमा दिएका निर्देशनहरु पालन तथा कार्यान्वयन गर्ने गराउने ।

३.यस वालगृहको लागि आवश्यक कर्मचारीको नियुक्ति, खटनपटन, दैनिक उपस्थिति अभिलेख, तलब भत्ता आदिको व्यवस्था तथा रेखदेख, नियन्त्रण, अनुगमनका साथै वालगृहको नियमित निरीक्षण एवं आवश्यक सुधारका कार्यहरु गर्ने गराउने ।

४.वालगृहमा बस्ने वालवालिकाहरुको अभिभावकहरुसंग नियमित सम्पर्क गरी आवश्यक सरसल्लाह, वालवालिकाहरुको गतिविधीहरुको जानकारी लिने दिने एवं अद्यावधिक अभिलेख राख्ने राख्न लगाउने ।

५.वालगृहको दैनिक गतिविधीहरुको जांचबुझ गर्ने एवं माशिक, त्रैमाशिक एवं वार्षिक प्रगति प्रतिवेदन नगरकार्यपालिकामा प्रस्तुत गर्ने गराउने ।

६.नगरपालिका, नगरकार्यपालिका कार्यसमिति, नगरसभा, नगरसमुदाय एवं वालगृह वीचको सम्पर्क निकायको रुपमा कार्य गर्ने गराउर्ने ।

७.अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

## परिच्छेद ३

नीजि स्तरमा कुनै व्यक्ति, समूह वा संस्थाले वालगृह स्थापना, व्यवस्थापन तथा संचालन गर्न गराउन चाहेमा अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्थाः–

१.निवेदन दिनु पर्ने :–वालगृह स्थापना, व्यवस्थापन तथा संचालनको लागि अनुमति पाउन तोकिएको ढांचामा कम्तीमा शैक्षिक शत्र शुरु हुनुभन्दा तीन महिना अगावै सम्वन्धित वडा समितिको सिफारिस सहीत यस नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्ने छ ।

४.वालगृहको स्थापना, व्यवस्थापन तथा संचालन गर्न गराउन पूरा गर्नु पर्ने आधारहरु :– वालगृहको स्थापना, व्यवस्थापन तथा संचालन गर्न गराउन यसै नियमावलीको ...... निर्धारण गरे बमोजिमका आधारहरु पूरा गर्नु पर्ने छ ।

५.वालगृहको स्थापना, व्यवस्थापन तथा संचालन गर्न गराउन अनुमति दिने :– १.नियम ३ को उपनियम १ बमोजिम निवेदन परेमा नगरपालिकाले निवेदन साथ प्राप्त कागजातहरु जांचबुझ गरी नियम ४ बमोजिमका आधारहरु पूरा भएको देखिएमा अनुमति दिन सक्ने छ ।

६.वालगृहले पालन गर्नु पर्ने शर्तहरु :–यस नगरपालिकाव्दारा स्थापित तथा संचालित वालगृहले उपलब्ध गराउने सेवा, सुविधा र व्यवस्थाहरु नै नीजि स्तरमा स्थापित उक्त वालगृहमा बस्ने वालवालिका तथा कर्मचारीहरुको लागि उपलब्ध गराउनुका साथै आवश्यक अन्य व्यवस्था गर्नु पर्ने छ ।

..........................................................................................................................................................

## अनुसूची १

नीजि स्तरमा वालगृह स्थापना, व्यवस्थापन तथा संचालन गर्न गराउन अनुमतिका लागि निवेदन :–

श्रीमान् नगरप्रमुखज्यू,
बौधीमाई नगरपालिका
नगरपालिकाको कार्यालय,

विषय :– वालगृह स्थापना, व्यवस्थापन तथा संचालन अनुमति सम्बन्धमा ।

महोदय,
यस बौधीमाई नगरपालिकाको वडा नं.....गाउ./टोलमा वर्ष ...देखि वर्ष....सम्मका .....जना वाल/वालिकाहरुको लागि नीजि स्तरमा वालगृहको स्थापना, व्यवस्थापन तथा संचालन गर्न गराउन म/हामीहरु /संस्था........ले /व्दारा तपसील अनुसारका आधारहरु पूरा गरी अनुमतिको लागि यो यो निवेदन पेश गरेको छु/गरेका छौं/गरिएको छ ।

निवेदकको पूरा विवरण:–
नाम थर/संस्थाको नाम, ठेगाना एव संस्थाको विधान प्रतिलिपी.................
अनुसूचि फाराम अनुसारका विवरणहरु..............

निवेदकको दस्तखत
...........................
मिति